नेपाल सरकार (सचिव स्तर) को मिति २०७६/१२/६ को निर्णय बमोजिम स्विकृत

# एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम
# सन्चालन कार्यविधि-२०७५

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

## एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सन्चालन कार्यविधि- २०७५

**प्रस्तावनाः** निर्वाहमुखी कृषि प्रणालीलाई औद्याागिक कृषि प्रणालीमा रूपान्तरण गरी उत्पादनमुलक क्षेत्रमा प्रशस्त रोजगारी सृजना गर्ने र दिगो कृषि विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक विकास र गरिवी न्यूनीकरणको राष्ट्रिय लक्ष्य हासिल गर्न नेपाल सरकारले आ.ब. २०७३।७४ देखी प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना कार्यान्वयनमा ल्याएको छ। प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गरी मुल्य शृंखलाका अवयवहरु, उत्पादन सामग्रीको उत्पादन तथा बजारिकरण, फार्म मेसिनरीहरुको सञ्चालन, उत्पादित कृषि उपजको सुरक्षित भण्डारण,प्रशोधन तथा विक्रि वितरण सम्बन्धी पुर्वाधारहरुको विकास सम्बन्धी अवधारणा यस परियोजनाको विशेषताको रुपमा रहेका छन् ।उन्नत कृषि प्रविधिको प्रसार मार्फत निर्वाहमूखी प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरि कृषि उत्पादन र उत्पादकत्व वृद्धि मार्फत कृषि क्षेत्रको व्यावसायिकरण र आधुनिकीकरणमा सहयोग पुर्याउने उद्देश्यले यस परियोजनाले आ.ब. २०७५/७६ देखि देशका विभिन्न स्थानमा एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सन्चालन गर्न गइरहेको छ। उक्त नमूना कृषि फार्म स्थापना कार्यक्रमलाई व्यवस्थित, सरलीकृत र पद्धतिमूलक रुपले सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/०९/२६ को निर्णय अनुसार स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना दस्तावेजको बुदा नं. ३.४(८) बमोजिम **एकिकृत सामूदायिक नमूना कृषि फार्म स्थापना कार्यक्रम सन्चालन कार्यविधि-२०७५** तयार गरी लागु गरेको छ।

### परिच्छेद१
### प्रारम्भिक
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ यस कार्यविधिको नाम **एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रम सन्चालन कार्यविधि- २०७५** रहेको छ ।

१.२ यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

१.३ यो कार्यविधि नेपाल देश भरी लागू हुनेछ ।

१.४ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१.४.१ "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

१.४.२ "कार्यक्रम" भन्नाले एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कार्यक्रमभन्ने सम्झनु पर्दछ।

१.४.३ "भौतिक पुर्वाधार" भन्नाले यस कार्यक्रम अनुसार स्थापना हुने एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्मकालागि आवश्यक पर्ने भौतिक पुर्वाधार (भवन, बिजुली, पानी, सडक,प्लास्टिक घर,

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

शितभण्डार गृह, हाईटेक नर्सरी संरचना, ग्रिन हाउस, तालिम केन्द्र लगायत अन्य आवश्यक संरचना) तथा मेशिनरी औजार/उपकरणहरु आदि सम्झनु पर्दछ ।

१.४.४ "एकिकृत सामुदायिक नमूना कृषि फार्म "भन्नाले यस कार्यवविधि बमोजिम स्थापना हुने साधन, श्रोत र प्रविधिको व्यवस्थित रुपमा प्रयोग भएको कृषि, पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित छुट्टाछुट्टै बाली वस्तु वा तीन वा तीन भन्दा बढि बाली वा बस्तुको एकीकृत रुपमा नै सञ्चालन गरिएको नमुना कृषि फार्म र सो सँग सम्बन्धित उद्योगभन्ने सम्झनु पर्दछ ।

१.४.५"आवेदक" भन्नाले नमूना कृषि फार्म स्थापनाको लागि अनुदान सहयोग लिन परियोजना समक्ष अथवा परियोजनाले तोकेका निकाय समक्ष आवेदन दिएका कृषक समुह/कृषि सहकारी संस्थालाई जनाउदछ ।

१.४.६"संस्था" भन्नाले व्यवसायिक रुपमा कृषि पेशा व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको कृषक समुह/कृषि सहकारी संस्थालाई जनाउदछ ।

१.४.७"अनुदानग्राही" भन्नाले नमुना कृषि फार्म निर्माणको लागि अनुदान पाउनका लागि दफा ३.६ बमोजिम छनौट भएका आवेदकलाई जनाउँदछ।

१.४.८"मन्त्रालय"भन्नालेकृषि विषय हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनुपर्दछ।

## परिच्छेद२
## कार्यक्रम सन्चालनको उद्देश्य

२.१ यस कार्यविधि अनुसार सन्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

२.१.१खेतियोग्य जमिनको चक्लावन्दी गरी व्यवसायिक कृषि प्रणालीका आधारहरुको विकास गर्ने ।

२.१.२आधुनिक कृषि प्रविधीहरुको अवलम्बन गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि आयात न्यूनिकरण गर्न सहयोग पुर्याउने ।

२.१.३यूवाहरुलाई कृषि पेशामा आकर्षण गर्दै स्वरोजगार वन्न प्रोत्साहन गर्ने ।

२.१.४स्थानिय कृषि तालिम तथा स्रोत केन्द्रको विकास गरि आसपासका कृषक तथा उद्यमीहरुलाई सेवा प्रवाह गर्ने ।

२.१.५कृषि पर्यटनको प्रवर्द्धन गरी ग्रामिण गरिवी न्यूनीकरण गर्न टेवा पुर्याउने ।

## परिच्छेद३
## कार्यक्रम सञ्चालन प्रक्रिया

**३.१ कार्यक्रम सञ्चालन :**यो कार्यक्रम वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

**३.२ प्रस्ताव माग गर्ने :** १) नमुना कृषि फार्म स्थापनामा सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले परियोजनाले ३० दिने म्याद दिई राष्ट्रिय स्तरका पत्रिकामार्फत प्रस्ताव आह्वान गरी अनुसूचि १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम आवेदकले अनुसूचि २ बमोजिम निवेदनकोसाथ देहायबमोजिम कागजातहरु पेश गर्नुपर्दछ ।

२.१ माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएकोप्रमाणपत्र र स्थायि लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

२.२संस्थाको कार्यसमितिको बैठकले नमूना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

२.३आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको अनुसूचि ३ बमोजिमको परियोजना प्रस्ताव ।

२.४सँस्थाको स्वामित्वमा नमूना कृषि फार्म स्थापनाको लागि अनुसुची ४ मा तोकीए बोजिमको एउटा वा दुई वटा सम्म क्लस्टरमा चक्लावन्दि/एकिकरण भएको पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित कानुन बमोजिम कम्तिमा १० बर्ष लिजमा लिएको खुल्ने कागज को प्रमाणित प्रतिलिपी।

२.५नयाँ सँस्था भएको खण्डमा प्रस्ताव दर्ता गराउने अन्तिम म्याद अगावै सम्बिन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्ने छ ।

२.६दुई वा दुईभन्दा वढि सँस्थाहरु आपसमा मिलि संयुक्तरुपमा प्रस्ताव तयार गरि आवेदन दिएमा नेतृत्व गर्ने सँस्था खुल्ने गरि सँस्थाहरुबिचको संयुक्त सहकार्यको सहमती (Joint Venture Agreement) पत्र समेत पेश गर्नु पर्ने छ ।

**३.३. प्रस्ताव दर्ता एवं संकलन :** आवेदकले अनुसुची-२ अनुसारको निवेदनका साथ अनुसुची-३ बमोजिमको प्रस्तावपरियोजनामा वा परियोजनाले सुचना प्रकाशनका बखत तोकेका निकायमा तोकीएको अवधिभित्रै दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएका प्रस्तावहरु परियोजनामा संकलन गरी राख्नु पर्ने छ ।

**३.४कार्यक्रम सन्चालन:** यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछः

३.४.१यस कार्यक्रम सन्चालनका लागि प्राविधिक फोकल शाखाको रुपमा परियोजनाको प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा रहनेछ।

३.४.२फिल्ड भेरीफीकेसन समेतको आधारमा प्राप्त आवेदनहरुको मुल्याङ्कन प्रस्तावमुल्याङ्कन समितिले गर्नेछ।प्रस्ताव छनौट भए/नभएको सम्बन्धमा आवेदकले माग गरेमा परियोजनालेनिवेदन प्राप्त भएको मितिले १५ दिन भित्र आवेदकलाई सुचित गर्नु पर्नेछ।

३.४.३सिफारिस भएका आवेदकहरुको प्रस्तावित कार्ययोजना, Layout डिजाईन, लागत अनुमान तथा भौतिक पुर्वाधारहरुको मुल्यांकनपरियोजनाले गर्नेछ। यसको अनुगमन तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षणसम्बन्धी कार्य परियोजनाबाटहुनेछ ।

३.४.४परियोजनाले उपदफा ३.३ बमोजिमका प्रस्तावहरुलाई छनौट गरि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**३.५ प्रस्ताव मूल्याङ्कन समिति:**१)कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय वमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछ।

३.५.१.१परियोजना निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत (परियोजना) अध्यक्ष

३.५.१.२कानुन उपसचिव/अधिकृत प्रतिनिधि, (मन्त्रालय) सदस्य

३.५.१.३आर्थिक प्रशासन शाखा प्रमुख, आर्थिक प्रशासन शाखा(परियोजना) सदस्य

३.५.१.४वरिष्ठ कृषि अधिकृत, प्रविधिबिस्तार तथा पुर्वाधार विकास शाखा(परियोजना) सदस्य

३.५.१.५ अधिकृत प्रतिनिधी (कृषितर्फ)(मन्त्रालय) सदस्य

३.५.१.६ अधिकृत प्रतिनिधी (पशुपन्क्षी तर्फ)(मन्त्रालय) सदस्य

३.५.१.७सार्वजनिक खरिद ईकाई प्रमुख (परियोजना) सदस्य-सचिव

२) समितिले आवश्यकताका आधारमा सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**३.६ मूल्याङकनको आधार** : १) दफा ३.५ मा गठित समितिले दफा ३.३ बमोजिम प्राप्त निवेदनहरुलाईअनुसूचि ४ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहायबमोजिमका आधारहरुमा मूल्यांकन गरि परियोजना समक्ष सिफारिस गर्नुपर्नेछ ।

| क.सं. | मूल्यांकनका आधारहरु | अधिकतम नम्बर | कैफियत |
|---|---|---|---|
| १. | नमुना कृषि फार्म स्थापना गर्ने (क)प्रस्तावित जमिन(ख)प्राकृतिक स्रोतको उपलब्धता (ग)प्राविधिक दृष्टिकोणबाट उपयुक्तता र(घ) वाटो तथा बिजुलीको पहुँच । | ४० | कृषि ज्ञान केन्द्र/ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रतिवेदनको आधारमा |
| १.१ | जमिनको अवस्था | १५ | |
| | वाली वस्तु अनुसार तोकीएको न्युनतम क्षेत्रफल भएमा | १० | |
| | वाली वस्तु अनुसार तोकीएको न्युनतम भन्दा बढि क्षेत्रफल भएमा | १५ | |
| १.२ | प्राकृतिक स्रोतको उपलब्धता | १२ | |
| | बाह्रैमहिना सिंचाई सुविधा उपलब्ध भएमा | १२ | |
| | बाह्रमहिना भन्दा कम सिंचाई सुविधा उपलब्ध भएमा | ८ | |
| | सिंचाई सुविधा उपलब्ध नभएमा | ५ | |
| १.३ | प्राविधिक दृष्टिकोणबाट उपयुक्तता | ३ | |
| | वालि वस्तु अनुकुल माटोतथा हावापानी भएमा | ३ | |
| | वालि वस्तु अनुकुल माटोतथा हावापानी नभएमा | ० | |
| १.४ | प्रस्तावित जग्गा सम्म वाटो तथा बिजुलीको पहुँच | १० | सम्बन्धित स्थानिय |



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| १.४.१ | प्रस्तावित जग्गा सम्म वाटोको पहुँच | ५ | तहको सिफारिसको आधारमा |
| | न्यूनतम ६ मिटर चौडा कच्चि सडक भएमा | ४ | |
| | न्यूनतम ६ मिटर चौडा कालोपत्रे/पक्की सडक भएमा | ५ | |
| | प्रस्तावित जग्गा सम्म बिजुलीको पहुँच | ५ | |
| | प्रस्तावित जग्गा सम्म ३ फेज लाईन वा सो भन्दा बढी क्षमताको बिजुलीको पहुँच(२०० मिटर वरिपरी) भएमा | ५ | |
| | प्रस्तावित जग्गा सम्म ३ फेज लाईन भन्दा कम क्षमताको बिजुलीको पहुँच (२०० मिटर वरिपरी) भएमा | ४ | |
| २. | प्रत्यक्ष रोजगारी सृजना (प्रस्तावित) | ५ | |
| २.१ | पूर्णकालीन रोजगारी (प्रस्तावित) | ३ | |
| | ५ जना भन्दा बढि व्यक्तिलाई रोजगारी दिएमा | ३ | |
| | २ देखि ५ व्यक्तिलाई रोजगारी दिएमा | २ | |
| | २ भन्दा कम व्यक्तिलाई रोजगारी दिएमा | १ | |
| २.२ | आंशिक रोजगारी (प्रस्तावित) | | |
| | ५० जना भन्दा बढि व्यक्तिलाई रोजगारी दिएमा | २ | |
| | २० देखि ५० व्यक्तिलाई रोजगारी दिएमा | १ | |
| | २० भन्दा कम व्यक्तिलाई रोजगारी दिएमा | ०.५ | |
| ३. | आवेदक सँस्थाको वित्तिय लगानी (जग्गा बाहेक) | २० | प्रतिबद्धता पत्र हुनुपर्ने |
| | ५० प्रतिशत भन्दा कम लगानी गर्ने भएमा | ० | |
| | ५० प्रतिशत लगानी गर्ने भएमा | १० | |
| | ५० प्रतिशत भन्दा बढि देखि ७०प्रतिशत सम्म लगानी गर्ने भएमा | १५ | |
| | ७० प्रतिशत भन्दा बढि लगानी गर्ने भएमा | २० | |
| ४. | नविन प्रविधिको अवलम्बन | ५ | |
| ५. | व्यवसायिक योजना | ३० | |
| ६.१ | वित्तिय योजना विष्लेषण (Financial PlanAnalysis) | १६ | |
| | Ratio Analysis/Benefit Cost Ratio ( B/C raito) | ४ | |
| | Net Present Value (NPV) | ४ | |
| | Internal Rate of Return (IRR) | ४ | |
| | Pay Back Period (PBP) | ४ | |
| ६.२ | व्यवसायिक योजनाका अन्य पक्षहरुको विष्लेषण( Analysis of Other Aspects of Business Plan) | १४ | |
| | वस्तु तथा सेवाहरु (Product and Services) | २ | |
| | वजारीकरण योजना/रणनीति (Marketing Plan/Strategy) | ३ | |
| | व्यवसाय सन्चालन योजना (Operational Plan) | ३ | |
| | संगठन तथा व्यवस्थापन (Management and Organization) | २ | |
| | Strength Weakness Opportunity and Threat (SWOT) Analysis | २ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | व्यवसायको दिगोपना (Sustainability of Business) | २ | |

(२)समितिले मूल्यांकन गरि मूल्यांकनको क्रममा न्यूनतम ७० अंक प्राप्त गरेका आवेदकहरु मध्येबाट प्रत्येक प्रदेशबाट बढिमा एक जना अधिकतम अंक हासिल गरेकाआवेदकलाई छनौटका लागि एक जना निकटतम वैकल्पिक आवेदक सहित परियोजना समक्ष सिफारिस गर्नेछ ।

३) सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार परियोजनालाई हुनेछ ।

४) उपदफा ३) बमोजिम परियोजनाको निर्णयानुसार छनौट भएका आवेदकहरुको संक्षिप्त विवरण सहितको सूची सात दिनको हद म्याद दिई दावी विरोध लागि राष्ट्रिय स्तरको पत्रिका मार्फत प्रकाशन गरिने छ ।

५) उपदफा ४) बमोजिमको सूचना उपर कुनै दावी विरोधको उजुरी नपरेमा उपदफा ३) बमोजिम परियोजनाको निर्णयानुसार छनौट भएका आवेदकहरु सँग अनुसुची ५ बमोजिम सम्झौता गर्न १५ दिनको समय दिई पत्राचार गरिने छ ।

६)उपदफा ५) बमोजिम १५ दिन भित्र सम्झौता गर्न नआएमा निज आवेदकको प्रस्ताव खारेज गरि परियोजनाले सोहि प्रदेशको निकटतम वैकल्पिक आवेदक लाई अनुसुची ५ बमोजिम सम्झौता गर्न १५ दिनको समय दिई पत्राचार गरिने छ ।

७) उपदफा ६) बमोजिम को निकटतम वैकल्पिक आवेदक पनि १५ दिन भित्र सम्झौता गर्न नआएमा सम्बन्धित प्रदेशको उक्त कार्यक्रम स्वत खारेज भएको मानिने छ ।

## परिच्छेद ४

## ४. साझेदारी र अनुदान प्रवाह

**४.१. लागत इष्टिमेट र सम्झौता :** १) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीको प्रस्ताव बमोजिम छलफलद्धारा लागत निर्धारण गरिने छ ।

२) लागतइष्टिमेटतयारगर्दाकुलइष्टिमेटअंककोवढिमा १.५ % रकमकन्टीजेन्सीको रुपमा राखिने छ।उक्त१.५% रकमपरियोजनाबाट खटाईएका प्राविधिकको दैनिकभ्रमणभत्ता, सुचना प्रकाशन रसमितिको वैठकभत्तामाप्रयोगगर्नसकिनेछ।

३) स्वीकृत लागत ईष्टिमेटको आधारमा परियोजना र अनुदानग्राही बीचअनुसूची ५ बमोजिमको सम्झौता गरिनेछ ।

**४.२कार्यक्रम कार्यान्वयन र भुक्तानी प्रक्रिया :**

४.२.१ छनौट भएका सँस्थाहरुले कार्य प्रारम्भ गर्नुपूर्व प्रचलित कानून अनुसार केहि विषय वस्तुमा सम्बिन्धत निकायको ईजाजत/स्विकृती लिनुपर्ने,माटो परिक्षण,लगायतका आवश्यक अन्य प्रक्रियाहरु स्वयंले नै पुरा गर्नुपर्नेछ ।

४.२.२यस कार्यक्रम अनुसारका सम्पुर्ण क्रियाकलापहरु सम्झौता भएको मितिले वढिमा दुई आर्थिक वर्ष भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ ।अन्य शर्तहरु सम्झौता बमोजिम हुनेछ ।

४.२.३यस कार्यक्रम अनुसार स्थापना हुने नमुना कृषि फार्म निर्माणमा नेपाल सरकारबाट परियोजना दस्तावेजको बुदा नं. ४.६ मा आधारित भई बढीमा रु. ७००००००.० (अक्षरेपी रु. सात

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

करोडमात्र) सम्म (नियमानुसार लाग्ने कर सहित)सहजिकरण सेवा सुविधा प्रदान गरिने छ। अनुदानग्राहीलेअनुदान बाहेकको खर्चआफैं जुटाईकार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४.२.४नमुना कृषि फार्म स्थापनाको लागि अनुसुची ४ बमोजिम आवश्यक पर्ने जग्गा एउटा वा दुईवटा क्लस्टरमा चक्लावन्दि/एकिकरण गर्ने दायित्व सम्वन्धित आवेदकको हुने छर उक्त कार्य अनुसुची २ बमोजिमको निवेदन दिनु पूर्व नै सम्पन्न गरिसकेको हुनुपर्ने छ।

४.२.५कार्यक्रम शुरु गर्नको लागि पेश्की रकम आवश्यक भएमा परियोजनालेदिने अनुदान रकमको बढिमा २० प्रतिशत रकम प्रचलित कानुन बमोजिम बैंक जमानतको आधारमा मोविलाईजेसन पेश्की स्वरुप उपलब्ध गराउन सकिनेछ ।

४.२.६अनुदानग्राहीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा परियोजनाबाट मुल्यांकन गरी अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ५ किस्तामा उपलब्ध गराईनेछ।

४.२.७ कृषि फर्म स्थापना कार्यक्रम सम्पन्न भईसके पछि सोको सञ्चालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

४.२.८परियोजनाबाट स्विकृत कृषि फर्म सञ्चालन कार्यविधि बमोजिम अनुदानग्राहीले कम्तिमा १० बर्षसम्म अवछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

४.२.९अनुदानग्राहीले अन्तिम किस्ता भुक्तानी अगावै आफ्नो कृषि व्यवसायको कृषि विमा गराउनु पर्नेछ ।

४.२.१०नेपाल सरकारको नियमानुसार अग्रीम आयकर कट्टी गरिनेछ ।

## परिच्छेद५

## ५. अनुगमनमुल्यांकन

**५.१. अनुगमनतथामूल्यांकन :**

५.१.१ परियोजनाले आवश्यकता अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्नेछ।

५.१.२ परियोजनाले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

५.१.३ उपदफा (२) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

५.१.४ सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई परियोजनाले जुनसुकै वखत अनुदान रकम रोक्का गर्न सक्नेछ।यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

## परिच्छेद६

## विविध

**६.१ प्रचलित कानून बमोजिम हुनेः**यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**६.२ बाधा अडकाउ फूकाउः** यस कार्यविधी कार्यान्वयन सम्वन्धमा कुनै द्धिविधा भएमा सो को निरुपण परियोजनाले गर्नेछ।

**६.३ संशोधन तथा खारेजी :** यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूचि १ : नमुना कृषि फार्म स्थापना कार्यक्रम सञ्चलानको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

**परियोजना व्यवस्थापन ईकाई खुमलटार ललितपुर**

**एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापनाको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०.../..../....

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाद्वारा आ.व. २०७५/०७६को बार्षिक स्वीकृत कार्यक्रमा तोकिएका स्थानहरुमासञ्चालन गरिने **एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना**कार्यक्रम सन्चालनकालागि परियोजना दस्तावेजको बुदा नं. ४.६ मा आधारित भई बढीमा रु. ७००००००.० (अक्षरेपी रु. सात करोड मात्र) सम्म (नियमानुसार लाग्ने कर सहित)सहजिकरण सेवा सुविधा नेपाल सरकारको तर्फबाट उपलब्ध गराउने कार्यक्रम रहेको हुंदानमुना कृषि फार्म सञ्चालन गर्न ईच्छुक कृषक समुह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन **परियोजना व्यवस्थापन ईकाई खुमलटार ललितपुर** मा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र रआ.व.२०७४/७५सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु,बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि ।

२. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनाकोलागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ सँस्थाबाट सोहि कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्ने छ ।

पुनश्चः निवेदन र परियोजना प्रस्ताव यस परियोजनाबाट तयार गरिएको ढांचामा पेश गर्नुपर्नेछ तर सो मा केहि सान्दर्भिक विषयवस्तु थप गर्न बाधा पर्ने छैन। निवेदन र परियोजना प्रस्तावको ढांचा यस परियोजनाको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ ।

**थप जानकारीका लागिसम्पर्क:**

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

**परियोजना व्यवस्थापन ईकाई खुमलटार ललितपुर**

Email- info@pmamp.gov.np
pmamp@gmail.com
Website – www.pmamp.gov.np
फोन नं ०१-५५२१६१९/५५२०३४६

सचिव

# अनुसूचि २ : एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदन

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

रु १० को टकट

मिति : ............................

श्रीमान् परियोजना निर्देशक ज्यू
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना व्यवस्थापन ईकाई खुमलटार ललितपुर।

**विषय :एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापना कालागि अनुदान सहयोग सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट मिति २०..../../....मा सुचना भए अनुसार नेपाल सरकारको तर्फबाट परियोजना दस्तावेजको बुदा नं. ४.६ मा आधारित भई बढीमा रु. ७००००००.० (अक्षरेपी रु. सात करोड मात्र) सम्म (नियमानुसार लाग्ने कर सहित) सहजिकरण सेवा सुविधामा नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम संचालनका लागि यसैसाथ संलग्न परियोजना प्रस्तावमा उल्लेख भए अनुसार नमुना कृषि फार्म स्थापना लागि जम्मा रु..........अक्षरुपी रु...................को योजना तयार गरी अन्य आवश्यक कागजात सहित नियमानुसार अनुदान सहयोगकोलागि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु । साथै तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

१. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा लेखापरिक्षण प्रतिबेदन प्रतिलिपि
२. फर्मेट अनुसार परियोजना प्रस्ताव
३. संस्था सञ्चालक समितिको बैठक निर्णयको फोटोकपी
४. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनलाई सहयोग हुने अन्य केही सहयोगी कागजात भए सो समेत
५. सम्बन्धितस्थानियतहको कार्यक्रमसञ्चालनमादोहोरोसहयोगनहुनेरअनुदानदिनउपयुक्तहुनेव्यहोरालेखिएकोसिफारसिपत्र ।

निवेदकको

हस्ताक्षर
नाम
ठेगाना
मोवाईल नं
छाप

सचिव

अनुसूचि ३ : एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्मस्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

## नमुना कृषि फार्म परियोजना प्रस्ताव

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदकको नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| सम्पर्क मोवाईल नं. | |
| आयोजना स्थल (कार्य क्षेत्र) | |
| आयोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च(यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| आयोजनाबाट माग गरेको कूल अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम ( जोन/सुपरजोन० | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## २) प्रस्तावनाको औचित्य तथा महत्व

तालिका : ..........................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

## ३. अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन् (तालीकामा दिन सकिने छ) :

- **व्यवसायको आकार**
- **बार्षिक उत्पादन**
- **बार्षिक जम्मा आम्दानी**
- **रोजगारी सिर्जना**

## ४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क्र. सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

५) फर्मले साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

**६) खर्च विवरण**

**कपुजीगत खर्चको विवरण**

कृषि यन्त्र उपकरणहरु गोठ, भवन, तारवार, पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु खरिद पूर्व सञ्चालन खर्च आदि ।

| क्र.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**ख चालु खर्चको विवरण (एक बर्षको मात्र)**

कामदार, मल विउ, दाना, घांस व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि ।

| क.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**७. लागत साझेदारी**

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क.सं. | विवरण | जम्मा खर्च (रु.) | अनुदान उपलब्ध गराउने परीयोजनाको ( रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सचिव

८. **ब्यवसायिक योजनाः** आवेदकले सन्चालन गर्ने एकिकृत सामुदायिक नमूना आधुनिक कृषि फार्मको भौतिक, आर्थिक, प्राविधिक तथा वित्तिय विश्लेशण सहितको समग्र१० वर्षकोब्यवसायिक योजना तयार गरि पेश गर्नु पर्ने छ ।

नोटः अनुसूची ३ बमोजिमको प्रस्तावको नमुनामा उल्लेख भए बमोजिमका विषयवस्तुको साथ साथै आवेदकले आवश्यकता अनुसार अन्य सान्दर्भिक विषयवस्तुहरु थप्न सक्ने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूचि ४ः नमुना कृषि फार्म सञ्चालन गर्न सकिने विषयक्षेत्र र न्यूनतम मापदण्ड

**क. तरकारी(आलु समेत)उत्पादनः**

पहाडी क्षेत्रमा कम्तीमा २५ हेक्टर र तराईमा कम्तीमा७० हेक्टर जमीनमा व्यवसायिक तरकारी उत्पादन गर्ने दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ख. फलफुल उत्पादन**

पहाडमा कम्तीमा २५ हेक्टर र तराईमा कम्तीमा १०० हेक्टरभन्दा बढी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफुल "तराईमा आप, केरा,भुईकटहर,लिचि, मेवा र अमिलो जातका फलफुल तथा पहाडमा कागती, अमला, सुन्तला,लिचि आदी र हिमालमा स्याउ र अन्य उपयुक्त फलफूल बालि पन सहितको लागत अनुमान तथा उत्पादन कार्यक्रम सम्बन्धी दिंगो व्यवस्था आम्दानी खुलेको परियोजना ।

**ग. दुग्ध उत्पादनः**

कम्तीमा १० हेक्टर जमिनमा घांस, डाले घांसको पूर्वाधार सहित उन्नत नश्लका कम्तीमा १५० वटा दुधालु गाई वा भैसीपालन र उत्पादित दुध विक्रीका लागि बजारको पहुंच र दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

**घ. भेडा तथा बाखा पालनः**

कम्तीमा १० हेक्टर जग्गामा घांस, डाले घांसको पुर्वाधार सहित उन्नत नश्लका कम्तीमा ३०० वटा माउ र आवश्यकता अनुसार उन्नत नश्लका बोकापालन र दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

**ङ. बंगुरपालन/पाडापालन**

उन्नत नश्लका कम्तीमा ३०० वटा बंगुर वा भैंसीको पाडा पालन र त्यसलाई चाहिने आवश्यक खोर वा गोठ, दानापानी व्यवस्थापन तथा दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**च. कुखुरा एवं पंक्षिपालन**

मासु वा अण्डा उत्पादनका निमित्त कम्तीमा ३० हजार लेयर्स वा ब्रोईलर कुखुरा वा अन्य पंक्षिका लागि लगभग चाहिने खोर निर्माण र दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**छ. माछापालन**

पहाड वा हिमाली क्षेत्रमा भए हावा पानी सुहाउदो ट्राउट माछा न्यूनतम १५०० वर्ग मिटर क्षेत्रफलको रेसवेरपहाडको बेसी तथा टार र तराईमा भए कार्प वा अन्य प्रजातीपोखरी निर्माणमा कम खर्चिलो—, पानी नसोस्ने र पानीको निकास भएको कम्तीमा ६० हेक्टर जमीनको पोखरी सहित आवश्यक प्रविधि उत्पादन र बजार मुल्य श्रृंखलको आधार र दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**ज. अलैची,चिया, कफी,किवी,ओखर**

कम्तीमा २५ हेक्टर जमिनमा अर्गानीक कफी वा चिया वा किवी वा ओखर उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**झ. च्याउ उत्पादन**

कम्तीमा बार्षिक १०००० के.जि. कन्ये वा गोब्रे च्याउ बिउ र कम्तिमा १००००० मुडामा सिताके च्याउ बिउको प्रयोग गरि सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ञ. मौरीपालन**

कम्तीमा ५००० वटा आधुनिक मौरीघारको प्रयोग गरि सिफारिस प्रविधि अनुसार मैरीपालन गरि मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ट. खाद्यान्न, दलहन र तेलहन बाली उत्पादनः**

पहाडमा कम्तीमा ३० हेक्टर र तराईमा कम्तिमा १००हेक्टर भन्दा बढी जमिनमा धान, मकै, कोदो, गहुं, मास, मुसुरो, चना, रहर, तोरी, बदाम आदि बालिहरुको  म सम्बन्धी दिंगो व्यवस्थापन सहितको लागतउत्पादन कार्यक्रअनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ट. अन्य वालि तथा बस्तुहरु**

तरकारी बालीको बीउ उत्पादन,  पुष्प उत्पादन, लसुन, अदुवा,वेसार र अन्य मसलाजन्य वा नगदे बालीहरु व्यवसायिक रुपमा कम्तीमा ३० हेक्टर भन्दा वढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अुनमान तथा आम्दानी खुलेको परियोजना ।यसका साथै तालिम केन्द्र,शित भण्डार गृह, प्रविधि प्रदर्शन स्थल, कृषि पर्यटन सम्बद्ध पूर्वाधार लगायतका अन्य सान्दर्भिक विषयवस्तुहरु समेत समेटन सकिने छ ।

**ड. एकीकृत व्यवसाय**

कम्तीमा बार्षिक सञ्चालन खर्च रु. २५ लाख लागत अनुमान भएको माथि क देखि ट सम्म उल्लेखित कुनै ३ वा सो भन्दा वढि बस्तुको एकीकृत उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको परियोजना पेश गर्नु पर्ने छ।व्यसायिक योजनामा समेटिएका वाली वस्तुहरु र आवश्यक पुर्वाधारहरु सहितको बढिमा २ चक्लामा हुनेगरी जमिनको क्षेत्रफल समग्रमा न्यूनतम ५० हेक्टर हुनु पर्ने छ ।

सचिव

## अनुसुची ५: नमुना कृषि फार्म स्थापनाको लागि सम्झौता पत्रको नमूना

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

सम्झौता पत्र

श्री ........................................................................ (यस पछी पहिलो पक्ष भनिने) र ....................................जिल्ला ............................पालिका वडा नं. .........को ....................स्थानमा स्थापना भएको श्री ....................का प्रोपाइटर वा अध्यक्ष (यस पछी दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. २०७५/७६ को स्वीकृत नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रम............प्रदेश...........पालिका वडा नं. ... मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सझौता—पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

<u>तपसिल :</u>

१.यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार .................व्यवसाय ...............(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने नमुना कृषि फार्मको कुल लागतको बढिमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपी ........................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

२. कार्यक्रम शुरु गर्नको लागि पेश्की रकम आवश्यक भएमा परियोजनाले कुल लागत रकमको बढिमा २० प्रतिशत रकम वैंक जमानतमा पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ । कार्यसम्पन्नताको आधारमा उक्त अनुदान रकम वढिमा ५ किस्तामा (२०:२०:२०:२०:२०को अनुपातमा)उपलब्ध गराईनेछ ।

३. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

४. सम्झौता भएको मितिले ३० दिन भित्र नमुना कृषि फार्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

५. दोश्रो पक्षले यहि २०७.......... साल ..............महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

६. दोस्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

**साक्षीहरुसाक्षीहरु**

१. आर्थिक प्रशासन शाखा, शाखा प्रमुख

२. प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा, शाखा प्रमुख

सचिव